# मुक्तिनाथ विकास बैंक लिमिटेडको सोह्रौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट)

**१) वैधानिक सभा :**
कम्पनी ऐन २०६३ र मुक्तिनाथ विकास बैंक लिमिटेडको नियमावली बमोजिम बैंकको सोह्रौं बार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री भरत राज ढकालज्यूको अध्यक्षतामा मिति २०७९ पौष ३० गते शनिवार तदनुसार जनवरी १४, २०२३ का दिन **होटल पोखरा ग्राण्ड, पोखरामा** बिहानको १०.०० बजे पूर्व निर्धारित विषयहरुमा छलफल गर्न बैठक बस्यो ।

**२) सभा बस्ने सम्बन्धी सूचना जारी :**
कम्पनी ऐन २०६३ को दफा ७६ र यस कम्पनीको नियमावली बमोजिम मिति २०७९ पौष ८ गते बसेको सञ्चालक समितिको २८६ औं बैठकको निर्णय बमोजिम, यस विकास बैंकको सोह्रौं वार्षिक साधारण सभाका लागि कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम २१ दिन अगावै वार्षिक साधारण सभाको सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था बमोजिम मिति २०७९ पौष ०९ गते **नागरिक राष्ट्रिय दैनिक** पत्रिका र २०७९ पौष १० गते **कारोबार राष्ट्रिय दैनिक** पत्रिकामा सूचना प्रकाशित गरी सवै सेयरधनी महानुभावहरुलाई जानकारी गराइएको थियो । साथै SMS मार्फत समेत सवै सेयरधनी महानुभावहरुलाई साधारण सभा सम्बन्धी जानकारी गराइएको थियो ।

**३) छलफलका विषयहरु :**
**सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७८/७९ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७९/८० को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. यस विकास बैंकको सहायक कम्पनी मुक्तिनाथ क्यापिटल लि.को आ.व. २०७८/७९ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु.५,६५,७१,८०,८५६.८४ (अक्षरेपी पाँच अर्ब पैसट्ठी करोड एकहत्तर लाख असी हजार आठ सय छपन्न रुपैयाँ चौरासी पैसा मात्र) को ०.७१०५ प्रतिशतले हुने रकम रु.४,०१,९५,७५८.७२ (अक्षरेपी चार करोड एक लाख पन्चानब्बे हजार सात सय अन्ठाउन्न रुपैयाँ बहत्तर पैसा मात्र) नगद लाभांश (बोनस सेयरको कर प्रयोजनार्थ ) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु.५,६५,७१,८०,८५६.८४ (अक्षरेपी पाँच अर्ब पैंसट्ठी करोड एकहत्तर लाख असी हजार आठ सय छपन्न रुपैयाँ चौरासी पैसा मात्र) को १३.५ प्रतिशतका दरले हुन आउने रकम रु. ७६,३७,१९,४१५.६७ (अक्षरेपी छ्यहत्तर करोड सैंतीस लाख उन्नाइस हजार चार सय पन्ध्र रुपैयाँ सतसट्ठी पैसा मात्र) बोनस सेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२. विकास बैंकको चुक्ता पूँजी रु.५,६५,७१,८०,८५६.८४ (अक्षरेपी पाँच अर्ब पैंसठ्ठी करोड एकहत्तर लाख असी हजार आठ सय छपन्न रुपैयाँ चौरासी पैसा मात्र) बाट १३.५ प्रतिशतले हुन आउने रकम ७६,३७,१९,४१५.६७ (अक्षरेपी छ्यहत्तर करोड सैंतीस लाख उन्नाइस हजार चार सय पन्ध्र रुपैयाँ सतसठ्ठी पैसा बोनस सेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु. ६,४२,०९,००,२७२.५१ (अक्षरेपी छ अर्ब बयालीस करोड नौ लाख दुई सय बहत्तर रुपैयाँ एकाउन्न पैसा मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने ।

३. यस मुक्तिनाथ विकास बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा मर्जरसँग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

४. विकास बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने ।

५. काठमाण्डौको लाजिम्पाटमा निर्माणाधीन केन्द्रीय कार्यालय भवन सम्बन्धमा ।

६. विविध :

**४)उपस्थिति :**

**४.१) सञ्चालकहरुको उपस्थिति :**

१) श्री भरत राज ढकाल – अध्यक्ष
२) श्री गजेन्द्रमान श्रेष्ठ – सञ्चालक
३) श्री रविन्द्रमान श्रेष्ठ – सञ्चालक
४) श्री शालिग्राम मिश्र – सञ्चालक
५) श्री निर्मला कुमारी के.सी. (कार्की) – सञ्चालक
६) श्री श्यामसुन्दर शर्मा – स्वतन्त्र सञ्चालक

**४.२) अन्य पदाधिकारी :**

१) प्रद्युमन पोखरेल – प्रमुख कार्यकारी अधिकृत
२) डण्डपानी ढकाल - कम्पनी सचिव

**५) गणपुरक संख्या :**

| विवरण | कुल संख्या | स्वयम् उपस्थिती | प्रतिनिधद्धारा उपस्थिती | जम्मा उपस्थिती | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| सेयरधनी संख्या | ५३,७६३ | ७८२ | ८ | ७९० | १.४६ |
| सेयर संख्या | ५,६५,७१,८०८.०१ | २,८२,३४,४०१ | ८,२४,६६५ | २,८७,१३,४१४ | ५१.३७ |

## ६) सभाको वैधानिकता र सभापतित्व :

कम्पनी ऐन २०६३ को दफा ७३ मा साधारण सभामा कम्पनीको विक्री भएको जम्मा सेयर संख्याको ५०% भन्दा बढि सेयरको प्रतिनिधित्व हुने गरी खरिद गर्ने कुल सेयरधनी मध्ये कम्तीमा ३ जना सेयरधनीहरुको स्वयम् वा निजका प्रतिनिधिहरु मार्फत उपस्थित भएमा सभाको लागि गणपूरक संख्या पुगेको मानिने प्रावधान भए अनुरुप नै यस संस्थाको कूल ५,६५,७१,८०८.०१ कित्ता मध्ये २,८२,३४,४०१ सेयर कित्ताका ७८२ जना सेयरधनीहरु स्वयम् उपस्थित र ८,२४,६६५ सेयर कित्ताका ८ जना प्रतिनिधिद्धारा उपस्थित भई कूल सेयरधनीको १.४६ प्रतिशत र कुल सेयर संख्याको ५१.३७ प्रतिशतको प्रतिनिधित्व भएको हुँदा कम्पनी ऐन २०६३ र यस विकास बैंकको नियमावली अनुसार सभाको गणपुरक संख्या पुगेको जानकारी सभालाई कम्पनी सचिव श्री डण्डपानी ढकालले गराउनु भयो ।

सोह्रौं वार्षिक साधारण सभाको गणपूरक संख्या पुगेकोले, कम्पनी सचिव श्री डण्डपानी ढकालले कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री भरत राज ढकालज्यूलाई सोह्रौं बार्षिक साधारण सभाको सभापतित्व ग्रहण गरिदिनुहुन अनुरोध गर्नु भयो र श्री अध्यक्षज्यूबाट सभाको सभापतित्व ग्रहण भयो ।

कार्यक्रम सञ्चालक श्री डण्डपानी ढकालले सभाको शुरुवात गर्न स्विकृतीको लागि सभाको सभापतिज्यूलाई अनुरोध गर्नु भयो र सभापतिको अनुमति लिई कम्पनी सचिवद्धारा बिहानको १०.३० बजे सभाको वैधानिक रुपमा औपचारिक कार्यक्रम अगाडी बढाईयो ।

## ७) अतिथी तथा पर्यवेक्षक साथै विशिष्ट ब्यक्तिको आसन ग्रहण :

कार्यक्रम सञ्चालकले सोह्रौं वार्षिक साधारण सभामा उपस्थित संस्थाका सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत, संस्थापक सेयरधनी महानुभावहरु, सर्वसाधारण सेयरधनीहरु, कर्मचारीहरु तथा अन्य उपस्थित महानुभावहरुलाई आसन ग्रहण गराइयो । साथै सञ्चालक समितिको तर्फबाट स्वागत मन्तब्य सञ्चालक श्री गजेन्द्र मान श्रेष्ठले गर्नु भयो । वार्षिक साधारण सभाको उद्घाटन सभाका अध्यक्ष श्री भरत राज ढकाल गर्नुभयो । प्रमुख कार्यकारी अधिकृत श्री प्रद्युमन पोखरेलले संस्थाको बर्तमान अवस्था र भावी कार्ययोजनाका बारेमा प्रस्ट पार्दै आफ्नो प्रतिबद्धता सहित शुभकामना मन्तव्य राख्नुभयो । यस विकास बैंकका संस्थापक अध्यक्ष श्री खगेन्द्र राज रेग्मीले बैंकको सोह्रौ वार्षिक साधारण सभाको सफलताको शुभकामना दिंदै बैंकको प्रगतिको कामना गर्नुभयो ।

## ८) बार्षिक साधारण सभाको प्रस्तुती :

८.१) कम्पनी सचिव श्री डण्डपानी ढकालले सोह्रौं वार्षिक साधारण सभाका प्रस्तावहरु क्रमश सभा समक्ष प्रस्तुत गर्नु भयो र आ.व.०७८/०७९ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नका लागि अध्यक्षज्यू लाई अग्रह गर्नु भयो ।

८.२) सभाको काम कारवाही अगाडी बढाउने क्रममा अध्यक्षज्यूले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ.व.०७८/०७९ को वार्षिक प्रतिवेदन प्रस्तुत गरी छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

८.३) तत्पश्चात अध्यक्षज्यूले लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७८/०७९ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब,नगद प्रवाह लगायतका विवरणहरु उपर छलफल गर्न सभा समक्ष पेश गर्नु भयो ।

८.४) त्यसैगरी आ.व.२०७९/८० को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धी प्रतिवेदन पेश गर्न अध्यक्षज्यूल लेखा समितिका संयोजक तथा सञ्चालक श्री गजेन्द्र मान श्रेष्ठलाई अनुरोध गर्नु भयो ।

८.५) यस विकास बैंकको सहायक कम्पनी मुक्तिनाथ क्यापिटल लि.को आ.व. २०७८/०७९ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफलका लागि सभा समक्ष पेश गरियो ।

८.६) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु.५,६५,७१,८०,८५६.८४ (अक्षरेपी पाँच अर्ब पैसठ्ठी करोड एकहत्तर लाख असी हजार आठ सय छपन्न रुपैयाँ चौरासी पैसा मात्र) को ०.७१०५ प्रतिशतले हुने रकम रु.४,०१,९५,७५८.७२ (अक्षरेपी चार करोड एक लाख पन्चानब्बे हजार सात सय अन्ठाउन्न रुपैयाँ बहत्तर पैसा मात्र) नगद लाभांश (बोनस सेयरको कर प्रयोजनार्थ ) वितरण गर्ने प्रस्ताव पेश भयो ।

८.७) त्यसैगरी **विशेष प्रस्तावहरु तर्फ** सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु.५,६५,७१,८०,८५६.८४ (अक्षरेपी पाँच अर्ब पैसठ्ठी करोड एकहत्तर लाख असी हजार आठ सय छपन्न रुपैयाँ चौरासी पैसा मात्र) को १३.५ प्रतिशतका दरले हुन आउने रकम रु. ७६,३७,१९,४१५.६७ (अक्षरेपी छ्यहत्तर करोड सैंतीस लाख उन्नाइस हजार चार सय पन्ध्र रुपैयाँ सतसठ्ठी पैसा मात्र) बोनस सेयर वितरण गर्ने प्रस्ताव पेश भयो ।

८.८) विकास बैंकको चुक्ता पूँजी रु.५,६५,७१,८०,८५६.८४ (अक्षरेपी पाँच अर्ब पैसठ्ठी करोड एकहत्तर लाख असी हजार आठ सय छपन्न रुपैयाँ चौरासी पैसा मात्र) बाट १३.५ प्रतिशतले हुन आउने रकम ७६,३७,१९,४१५.६७ (अक्षरेपी छ्यहत्तर करोड सैंतीस लाख उन्नाइस हजार चार सय पन्ध्र रुपैयाँ सतसठ्ठी पैसा बोनस सेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु. ६,४२,०९,००,२७२.५१ (अक्षरेपी छ अर्ब बयालीस करोड नौ लाख दुई सय बहत्तर रुपैयाँ एकाउन्न पैसा मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने प्रस्ताव पेश गर्नु भयो ।

८.९) यस मुक्तिनाथ विकास बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा मर्जरसँग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव सभा समक्ष पेश गरियो ।

८.१०) विकास बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने प्रस्ताव पेश गर्नु भयो ।

८.११) काठमाण्डौको लाजिम्पाटमा निर्माणाधीन केन्द्रीय कार्यालय भवन सम्बन्धी प्रस्ताव लगायतका विषयहरुमा छलफल गरि आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव तथा प्रश्न राखी छलफल गर्न इच्छुक सेयरधनी महानुभावहरुलाई अध्यक्षज्यूले आह्वान गर्नु भयो ।

## ९) छलफलमा सहभागी हुने सेयरधनीहरुको प्रस्तुतीकरण :

**९.१) सेयरधनी श्री बुद्धि सागर बरालले** सर्वप्रथम समयमानै वार्षिक प्रतिबेदन उपलब्ध गराएको प्रति धन्यबाद ज्ञापन गर्नुभयो । यस विकास बैंकको वार्षिक प्रतिवेदनको स्तर तथा प्रतिवेदनमा प्रस्तुत गरिएका विषयहरुले नै यस विकास बैंकको अवस्था कस्तो छ भन्ने विषयमा प्रष्ट पर्ने बताउनु भयो । विकास बैंक भएर पनी कतिपय वाणिज्य बैंकहरुको भन्दा राम्रो काम गरेको छ भन्नुभयो । वार्षिक प्रतिवेदनको धेरै अंश अंग्रेजी भाषमा भएको हुँदा कतिपय सेयरधनिहरुलाई बुझ्न गाह्रो भएको बताउनुभयो । लघुवित्त कार्यक्रमले गर्दा बैंकको स्तर बृद्धि हुन सहयोग पुगेको जानकारी गराउनुभयो । बिभिन्न खालका अवार्डहरु पाउनुले पनि संस्थाको स्तर निर्धारण गर्ने बताउंदै विशेष प्रस्ताव अन्तर्गत मर्जको प्रस्ताव रहेता पनि यो विकास बैंक मर्जमा नगई आफ्नो अस्तित्वलाई कायम राख्दै अन्य वित्तीय संस्थाहरुलाई यसमा समाहित गर्नुपर्छ र मर्जमा जानपर्ने अवस्था आएमा यसको नाम र लोगो कायम रहने गरी मर्जमा जान सुझाव दिनुभयो । घाटामा रहेका मुक्तिनाथ क्यापिटल र मुक्तिनाथ कृषी कम्पनीमा हकप्रद सेयर लगानी गर्नुको औचित्य प्रष्ट पार्न आग्रह गर्दै गैर बैंकिङ्ग सम्पत्तीको अवस्था कस्तो छ भन्ने खालको जिज्ञासा राख्नुभयो । यस बैंकको पूँजीकोष घट्दो क्रममा रहेको हुँदा यस प्रति चनाखो रहन सुझाव दिनुभयो ।

**९.२) सेयरधनी श्री श्याम प्रसाद रेग्मीले** कोभिड-१९ र त्यस पश्चात विभिन्न क्षेत्रमा परेको प्रभाव र असरका बावजुत पनी बैंकका सूचकाङ्कहरु राम्रा रहेको हुँदा बैंक व्यवस्थापनलाई धन्यवाद दिनुभयो । बैंकको सामाजिक उत्तरदायित्व अन्तर्गतको रकम शैक्षिक क्षेत्रमा लगाउन सुझाव दिइएकोमा बैंकले बिद्यालय स्तरमा गई गरिव तथा जेहन्दार विद्याथीहरुलाई सहयोग गरेकोमा धन्यवाद दिनुभयो । अगाडीका वक्ता बुद्धि सागर बरालका भनाइहरुप्रति सहमत जनाउदै बैंकको प्रगतिको कामना गर्नुभयो ।

**९.३) सेयरधनी श्री शिव प्रसाद ढुङ्गानाले** बैंकको वार्षिक प्रतिबेदन बैज्ञानिक र समाजवाद उन्मुख रहेको बताउनु भयो । बैंकबाट ऋण लिएर तिर्न नखोज्ने र आन्दोलन गर्ने लघुवित्तका ऋणिहरु प्रति जसग रहन र तिनका माग र आन्दोलन लाई बेलैमा निराकरण गर्नेतर्फ ध्यान पुऱ्याउन सुझाव दिनुभयो । बैंकको भविश्य राम्रो बनाउने हो भने कृषि क्षेत्रको लगानीलाई बढाउँदै लानुपर्छ भन्नु भयो । बैंकका कर्मचारीहरुलाई स्वाथ्य विमा गराउने र कर्मचारी तथा सेयरधनीहरुका लागि कल्याणकारी कोष स्थापना गर्न सुझाव दिनुका साथै सामाजिक उत्तरदायित्व अन्तर्गत वितरण गरिने स्टेशनरी सामानमा बैंकको नाम र लोगो राख्न सकेमा अझ प्रभावकारी हुने बताउनुभयो । बैंकले आफ्नै मुखपत्र निकाल्दा राम्रो हुने सुझाव दिनुभयो ।

**९.४) सेयरधनी श्री कमल न्यौपानेले** वार्षिक प्रतिवेदन धेरैजसो अँग्रेजी भाषमा भएको हुँदा बुझ्न गाऱ्हो भएको छ सोही अनुसार नेपाली भाषामा पनि भइदिएको भए अझ राम्रो हुने थियो भन्नु भयो । प्रतिवेदनमा देखिएका कमिकमजोरीलाई आलोचनात्मक रुपमा भन्दा सुझावको रुपमा व्यक्त गर्दा उपयुक्त हुने बताउनु भयो । मुक्तिनाथ विकास बैंक र बैंकमा कार्यरत कर्मचारीहरुले बृहत पोखरा सरसफाइ अभियानमा गरेको योगदान अतुलनिय रहेको जानकारी गराउनु भयो । बैंकले समय आन्दोलनका बारेमा दिएको सन्देश अत्यन्त सह्रायिन छ भन्नु भयो । कोभिड-१९ र त्यस पश्चात बजारमा देखिएका विभिन्न बाधा व्यवधानका बावजुत पनि बैंकले २३ रुपैयाँ EPS कायम राख्न सफल भएको प्रति धन्यवाद दिनु भयो । प्लास्टीक व्यागको निरुत्साहन गरेकोमा खुशि व्यक्त गर्दै बैंकले बैंकिङ्ग व्यवसायका अलावा सामाजिक क्षेत्रमा पुऱ्याएको योगदान प्रति धन्यवाद दिनुभयो । बैंकले कृषि क्षेत्रमा लगानी बढाउनका लागि सुझाव दिंदै साधारण सभाको सफलताको शुभकामना दिनुभयो ।

मुक्तिनाथ विकास बैंक लि.

९.५) **सेयरधनी श्री गोबिन्द बास्तोलाले** बैंकको खर्चमा मितव्ययी हुन सुझाव दिनुभयो । वार्षिक प्रतिवेदन अलि बढी खर्चिलो देखियो सामान्य गर्दा पनि हुने थियो भन्नु भयो । बैंकहरुमा प्रमुख कार्यकारी अभिकृतहरुको पारिश्रमिक बढी देखिन्छ सोही मुताविक काम गर्नुपर्छ भन्ने धारणा राख्नुभयो । भरत ढकाल यस बैंकको नायक हुन् भन्दै सहभगिहरुलाई तालिले स्वागत गर्न अनुरोध गर्नुभयो । भरत सर बैंकको स्थापना काल देखी लगातार १६ वर्ष सम्म आवद्ध भएको हुँदा अब विश्राम लिएर अर्को सक्षम व्यक्तिलाई समय दिने हो की भन्ने धारण व्यक्त गर्नुभयो । यस आ.व.मा सञ्चालक समितिका बैठक अलि बढी होकी, कम गर्दा के हुन्छ भन्ने खालको जिज्ञासा राख्दै धन्यवाद ज्ञापन गर्नुभयो ।

९.५) **सेयरधनी श्री श्रीराम गौतमले** गत वर्षको सुझाव बमोजिम बैंकले पत्रिकामा सूचना प्रकाशित गर्नुको अलावा सेयरधनिहरुलाई समयमै SMS मार्फत समेत साधारण सभाको जानकारी दिएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । पौष मसान्तभित्र साधारण सभा सम्पन्न गर्ने प्राधान बमोजिम तोकिएको समय भित्र साधारण सभा गरेकोमा धन्वाद दिँदै यस पटकको साधारण सभा ढिला भएको प्रति जिज्ञासा राख्नुभयो । भवनको नक्शा अझ स्पष्ट भइदिएको भए राम्रो हुन्थ्यो भन्ने सुझाव राख्दै, वित्तीय बिवरण प्रकाशनका लागि नेपाल राष्ट्र बैंकले दिएका निर्देशनहरु पालना गर्नेतर्फ ध्यान दिन आग्रह गर्नुभयो ।

१०) **सेयरधनी महानुभावहरुका सल्लाह, सुझाव र जिज्ञासाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यू र व्यवस्थापनको तर्फबाट प्र.का.अ को जवाफ :**

बुँदा नं. ९ अन्तर्गत सेयरधनी महानुभावहरुले दिनुभएको सल्लाह, सुझाव र जिज्ञासाहरुका लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले र व्यवस्थापनको तर्फबाट प्रमुख कार्यकारी अधिकृतले स्वागत गर्दै हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । सेयरधनी महानुभावहरुबाट आएका सल्लाह सुझावहरुलाई आगामी दिनमा कार्यान्वयन गर्दै लगिने व्यहोरा जानकारी गराउनुभयो भने सेयरधनी महानुभावहरुबाट आएका विभिन्न जिज्ञासाहरुको जवाफ दिनुभयो ।

११) **सभाका निर्णयहरु :** अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवले साधारण सभाका प्रस्तावहरुलाई क्रमश साधारण सभा समक्ष निर्णयार्थ पेश गर्नुभयो र सभाबाट निम्न अनुसार प्रस्तावहरु पारित गरियो ।

**सामान्य प्रस्तावहरु तर्फ :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी सर्वसम्मतीले पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०७८/०७९ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु सर्वसम्मतीले पारित गरियो ।

३. आ.व.२०७९/०८० को लागि लेखापरीक्षक नियुक्ति गर्न तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा लेखा परीक्षण समितिका संयोजक श्री गजेन्द्रमान श्रेष्ठले प्रस्ताव गरे बमोजिम नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थामा दर्ता नं. ००५७, आन्तरीक राजश्व कार्यालय काठमाण्डौंमा स्थायी लेखा नम्बर ५०००१६८५५, गैरीधारा काठमाण्डौ स्थीत **सि.एस.सी. एण्ड कम्पनी** चार्टर्ड एकाउन्टेन्ट्स (**CSC & Company** Chartered Accountants) लाई नियुक्ति गर्ने तथा पारिश्रमिक सम्बन्धमा बैधानिक लेखा परीक्षण शुल्क, एल. एफ. आर शुल्क तथा यातायात, बास, खाना खर्च र मु.अ. कर सहित एकमुष्ट रु. १५,००,०००/- (अक्षरेपी पन्ध लाख रुपैयाँ मात्र) पारिश्रमिक प्रदान गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

४. यस विकास बैंकको सहायक कम्पनी मुक्तिनाथ क्यापिटल लि.को आ.व. २०७८/०७९ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरणहरु सर्वसम्मतीले पारित गरियो

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु.५,६५,७१,८०,८५६.८४ (अक्षरेपी पाँच अर्ब पैसट्ठी करोड एकहत्तर लाख असी हजार आठ सय छपन्न रुपैयाँ चौरासी पैसा मात्र) को ०.७१०५ प्रतिशतले हुने रकम रु.४,०१,९५,७५८.७२ (अक्षरेपी चार करोड एक लाख पन्चानब्बे हजार सात सय अन्ठाउन्न रुपैयाँ बहत्तर पैसा मात्र) नगद लाभांश (बोनस सेयरको कर प्रयोजनार्थ ) वितरण गर्ने प्रस्ताव पारित सर्वसम्मतीले पारित गरियो ।

**विशेष प्रस्तावहरु तर्फ :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु.५,६५,७१,८०,८५६.८४ (अक्षरेपी पाँच अर्ब पैसट्ठी करोड एकहत्तर लाख असी हजार आठ सय छपन्न रुपैयाँ चौरासी पैसा मात्र) को १३.५ प्रतिशतका दरले हुन आउने रकम रु. ७६,३७,१९,४१५.६७ (अक्षरेपी छ्यहत्तर करोड सैंतीस लाख उन्नाइस हजार चार सय पन्ध्र रुपैयाँ सतसट्ठी पैसा मात्र) बोनस सेयर वितरण गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

२. विकास बैंकको चुक्ता पूँजी रु.५,६५,७१,८०,८५६.८४ (अक्षरेपी पाँच अर्ब पैसट्ठी करोड एकहत्तर लाख असी हजार आठ सय छपन्न रुपैयाँ चौरासी पैसा मात्र) बाट १३.५ प्रतिशतले हुन आउने रकम ७६,३७,१९,४१५.६७ (अक्षरेपी छ्यहत्तर करोड सैंतीस लाख उन्नाइस हजार चार सय पन्ध्र रुपैयाँ सतसट्ठी पैसा बोनस सेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु. ६,४२,०९,००,२७२.५१ (अक्षरेपी छ अर्ब बयालीस करोड नौ लाख दुई सय बहत्तर रुपैयाँ एकाउन्न पैसा मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

***प्रवन्धपत्रमा गरिएको संशोधन सम्बन्धी तीनमहले विवरण :***

| साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **दफा ५ को उपदफा (ख) मा:** विकास बैंकको जारी पूँजी रु. ५,६५,७१,८०,८५६.८४ (अक्षरेपी पाँच अर्ब पैसट्ठी करोड एकहत्तर लाख असी हजार आठ सय छपन्न रुपैयाँ चौरासी पैसा मात्र) हुनेछ । जसलाई प्रति सेयर रु. १००/- का दरले ५,६५,७१,८०८.५६ (पाँच करोड पैसट्ठी लाख एकहत्तर हजार आठ सय आठ दशमलव पाँच छ थान साधारण सेयरमा विभाजन गरिएको छ । | **दफा ५ को उपदफा (ख) मा:** विकास बैंकको जारी पूँजी रु. ६,४२,०९,००,२७२.५१ (अक्षरेपी छ अर्ब बयालीस करोड नौ लाख दुई सय बहत्तर रुपैयाँ एकाउन्न पैसा मात्र) हुनेछ । जसलाई प्रति सेयर रु. १००/- का दरले ६,४२,०९,००२.७२ (छ करोड बयालीस लाख नौ हजार दुई दशमलव सात दुई थान साधारण सेयरमा विभाजन गरिएको छ । | सोह्रौं वार्षिक साधारण सभाबाट हाल कायम जारी तथा चुक्ता पूँजी रु. ५,६५,७१,८०,८५६.८४ (अक्षरेपी पाँच अर्ब पैसट्ठी करोड एकहत्तर लाख असी हजार आठ सय छपन्न रुपैयाँ चौरासी पैसा मात्र) को १३.५ प्रतिशतका दरले बोनस सेयर जारी गरे पश्चात कायम हुन आउने चुक्ता पूँजी ६,४२,०९,००,२७२.५१ (अक्षरेपी छ अर्ब बयालीस करोड नौ लाख दुई सय बहत्तर रुपैयाँ एकाउन्न पैसा मात्र) पुग्ने भएकोले । |
| **दफा ५ को उपदफा (ग) मा:** विकास बैंकको चुक्ता पूँजी रु. ५,६५,७१,८०,८५६.८४ (अक्षरेपी पाँच अर्ब पैसट्ठी करोड एकहत्तर लाख असी हजार आठ सय छपन्न रुपैयाँ चौरासी पैसा मात्र) हुनेछ । | **दफा ५ को उपदफा (ग) मा:** विकास बैंकको चुक्ता पूँजी रु. ६,४२,०९,००,२७२.५१ (अक्षरेपी छ अर्ब बयालीस करोड नौ लाख दुई सय बहत्तर रुपैयाँ एकाउन्न पैसा मात्र) हुनेछ । | |

३. यस मुक्तिनाथ विकास बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता,

मुक्तिनाथ विकास बैंक लि. * केन्द्रीय कार्यालय कास्की *

लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा मर्जरसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

४. विकास बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

५. काठमाण्डौको लाजिम्पाटमा निर्माणाधिन यस विकास बैंकको केन्द्रीय कार्यालय भवन निर्माणको लागि छनौट भएको कम्पनी रसुवा कन्स्ट्रक्सन प्रा. लि. संग मिति २०७७ माघ १९ को निर्माण सम्झौता बमोजिम कर सहित ५२ करोड १५ लाख ५० हजार १ सय १५ रुपैयाँ ८६ पैसा मात्र मा १८ महिना भित्र निर्माण सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भई निर्माण कार्य शुरु भएपछि कोभिड- १९ को दोस्रो लहर र त्यस पछाडी विभिन्न क्षेत्रमा देखिएको असर, इन्धन सामाग्रीमा भएको अप्रत्यासित मुल्यवृद्धि, युक्रेन रसिया विचको युद्ध, बैंकहरुमा देखिएको तरलता संकट, देशको विदेशी मुद्रा संचितिमा आएको ह्रास, नेपाल राष्ट्र बैंकको आयात सम्बन्धी नीति, अन्तराष्ट्रिय बजार परिदृश्य तथा प्राकृतिक प्रकोप आदिको कारणले समग्र उद्योगधन्दा, बन्द व्यापार, निर्माण कार्य र श्रमबजारमा परेको असर र यी कारणहरुले भएको समग्र मुल्य बृद्धिका कारण बैंकको भवन निर्माण कार्यमा प्रत्यक्ष प्रतिकूल असर परी निर्माण कार्यमा थप समय लाग्नुका साथै सोको लागतमा समेत बृद्धि हुन गएको व्यहोरा अध्यक्षज्यूबाट सभामा जानकारी गराइयो । यसका साथै भवनको बाहिरी संरचना तयार भई आन्तरिक सजावट गर्ने सम्बन्धमा माथि उल्लेखित व्यहोरालाई उल्लेख गर्दै निर्माण कम्पनीले करार गर्दाको अवस्थामा कायम गरिएको दर रेटमा काम गर्न अहिलेको अवस्थामा नसक्ने बरु लाग्ने जरिवाना तिरी काम छोड्ने आशयको पत्र बैंक समक्ष पेश गरेकोले उक्त विषयमा सञ्चालक समितिमा छलफल हुंदा प्रक्रियागत रुपमा गई बाँकी कामको लागि पुनः बोलपत्र आह्वान गरी नयाँ प्रकृया शुरु गरी भवन निर्माणको कार्य सम्पन्न हुन झनै वढी समय लाग्ने तथा भवन निर्माण कार्यको लागत धेरै नै बढ्न जाने अवस्था देखिएकोले बैंक लगायत सम्बन्धित सबै पक्षले बजारमा रहेका निर्माण सामाग्री आपुर्तिकर्ताहरुबाट कोटेसन तथा आपुर्ति गर्न सक्ने दर रेट माग गरेको तथा बैंकले स्वतन्त्र कन्सल्टटेन्ट समेतबाट परामर्श लिई सञ्चालक समितिलाई जानकारी गराइएकोमा सो विषयमा समितिको बैठकमा विस्तृत छलफल हुँदा बैंकको लाजिम्पाट स्थित कर्पोरेट कार्यालयको निर्माण सम्पन्न गर्न थप रकम रु. १३,७९,५२,२३३.५१ ( अक्षरेपी तेह्र करोड उनान्असी लाख बाउन्न हजार दुई सय तेत्तीस रुपौयाँ एकाउन्न पैसा मात्र ) आवश्यकता पर्ने देखिएको । निर्माण कर्ताले पेश गरेको फिनिसिङ्ग (Finishing works) तथा यमइपी (MEP works) कार्यको लागि नयाँ दर रेट रकम रु. ३८,१७,७०,५१६.०२ ( अक्षरेपी अढ्तीस करोड सत्र लाख सत्तरी हजार पाँच सय सोह्र रुपैयाँ ०२ पैसा ) मात्र नयां रेट कायम गरेको हुँदा भवन निर्माण कार्यलाई विचैमा छोडि पुनः प्रक्रियागत रुपमा गई अन्य निर्माण कम्पनिलाई जिम्मेवारी दिदाँ अरु वढी समय लाग्ने तथा निमार्ण कार्य अझै महङगो पर्न जाने अवस्था रहेको हुँदा विद्यमान निर्माण कम्पनीलाई नै भवन निर्माण कार्य सकेसम्म चांडै सम्पन्न गर्न तथा BOQ मा कुनै थपघट भएमा समेत सोही दर रेटमा नबढाउने गरी कार्य अघि बढाउने जिम्मेवारी दिनु उपुक्त हुने देखिएकोले माथि उल्लेखित तथ्यहरु बैंकको सोह्रौं वार्षिक साधारण सभामा पेश गरी साधारण सभाको निर्णय बमोजिम अघि बढ्ने गरी सञ्चालक समितिले निर्णय गरेको जानकारी गराउँदै अध्यक्षज्यूले काठमाण्डौको लाजिम्पाटमा निर्माणाधिन बैंकको भवन निर्माण गर्नका लागि सञ्चालक समिति बाट हालसम्म गरिएका सम्पूर्ण कार्यहरु अनुमोदन गरी भवन निर्माण सम्बन्धी गर्नुपर्ने बाँकी सम्पूर्ण कार्यको लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव साधारण सभामा पेश गर्नुभएकोमा बैंकको सोह्रौं वार्षिक साधारण सभाबाट यो प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

**१२) धन्यबाद ज्ञापन तथा साधारण सभा समापन :** विकास बैंकको सोह्रौं वार्षिक साधारण सभामा उपस्थित सेयरधनी, अतिथि लगायत आमन्त्रित सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै सञ्चालक श्री निर्मला के.सी. कार्किले अध्यक्षज्यूको आदेश अनुसार सोह्रौं बार्षिक साधारण सभाको समापन भएको जानकारी गराउनुभयो ।

| | | |
|---|---|---|
| ........................ | ........................ | ........................ |
| कम्पनी सचिव | अध्यक्ष | संस्थाको छाप |